## अनुसूची- ११

## सम्झौतापत्र

राप्ती गाउँपालिका पशु सेवा शाखा (यसपछि प्रथम पक्ष भनिने) र ........................ सहकारी/समूह/निजी डेरी (यसपछि दोस्रो पक्ष भनिने) बीच दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरी १/१ प्रति लियो दियौं ।

## तपसिल

१. दोस्रो पक्षले आफ्नो संस्थामा आबद्ध कृषकका पशुहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजीवी नियन्त्रण गर्ने, पशु उपचारपछि दूध प्रयोग गर्न नमिल्ने अवधि (Withdrawal period) को पालना गरेको हुनुपर्नेछ । थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको पशुको दूध खरिद नगर्ने प्रबन्ध गरेको हुनुपर्नेछ ।

२. दोस्रो पक्षले आफ्ना कृषकहरुवाट खरिद गरिने दूध [२१]अनुसूची १० (ख) अनुसारको मापदण्ड पूरा गरी स्टेशलेस स्टीलका भाँडामा बन्द गरी सङ्कलन केन्द्रसम्म ल्याउने तथा सङ्कलित दूधलाई बजारसम्म पुऱ्याउँदा पनि सोही व्यवस्था गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले आफ्ना कृषकहरुलाई पहिलो महिनाको दूध प्राप्त गरे वापतको रकम कृषकलाई भुक्तानी गर्दा बखतको दूधको परिमाण (Milk Volume) तथा गुणस्तर (Fat, S.N.F. वा Lactometer reading) तथा कृषकले पालेका गाई/भैसी संख्या उल्लेख गरी प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

४. प्रथम पक्षले बुँदा ३ अनुसार पेश भएको तथ्याङ्क आधारमा मूल्याङ्कन समितिले अनुगमन गरी प्रतिवेदन पेश भए पश्चात रिपोर्टको आधारमा शाखाको सिफारिसमा लेखा शाखा मार्फत् सम्बन्धित कृषककै खातामा रकम भुक्तानी गरिनुपर्नेछ ।

५. दोस्रो पक्षले दूध खरिदको गलत विवरण पेश गरेमा प्रथम पक्षले तत्काल सम्झौता भङ्ग गरिनेछ ।

६. देस्रो पक्षले प्रत्येक [२२]आषाढ १० देखि १५ गतेभित्र आफ्नो डेरीमा कारोबार गरेका कृषकको बिबरण पेश गर्नुपर्नेछ ।

७. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

इति सम्वत २०.........।.............।......... गते ........ रोजमा शुभम् ।

| **दोस्रो पक्षः** | **पहिलो पक्ष :** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| नामः श्री .......................................... | श्री :.......................................... |
| ठेगानाः राप्ती ................................ | प्रमुख प्रशासकिय अधिकृत |

## रोहबर

| | |
|---|---|
| दस्तखत : | दस्तखत |
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फवाट |
| नाम : .................................... | नाम : ......................................... |

यस सम्झौतामा आवश्यकता अनुसार सम्सोधन गर्न सकिनेछ ।

---

[२१] अनुसूची १० ख कायम गरिएको र [२२] असाढ १० देखि १५ कायम गरिएको